# स्थानीय तहलाई सहयोग गर्दै सङ्कटासन्न समूहका स्वयंसेवी

काठमाडौँ(जस)-कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहँदा बूढानीलकण्ठ नगरपालिका वडा नं १० को अगुवाइमा सञ्चालित सामूहिक भोजन पक्वान्नस्थल, वडा नं ७ र वडा नं ३ मा 'उत्थानशील नगर प्रवर्द्धन र सहभागिता कार्यक्रम'ले साबुन, स्यानिटाइजर, पानीका लागि बाल्टिनलगायत आवश्यक सामग्री सहयोग गरको छ । सर्वदलीय संयन्त्र, स्वयंसेवी तथा स्थानीयवासीद्वारा स्वःस्फूर्तरूपमा सञ्चालित सो स्थलमा दैनिक एक हजार ८०० भन्दा बढीका लागि खाना तयार गरी नगर क्षेत्रमा रहेका विपन्न तथा दैनिक मजदुरी गरी जीवनयापन गर्नेलाई ११ स्थानबाट भोजन वितरण हुने व्यवस्था मिलाइएको जनाइएको छ ।

सो अवसरमा बूढानीलकण्ठ नगर प्रमुख उद्धवप्रसाद खरेल, उपप्रमुख रमादेवी राईले कोरोना भाइरसको जोखिम हुन नदिन नगरले विभिन्न सचेतनाका साथै जारी लकडाउनबाट समस्यामा परेकालाई राहत तथा भोजन वितरणको व्यवस्था जारी राखेको जानकारी दिए । उनीहरूले भने, "कोरोनाविरुद्ध सामूहिक सहकार्य, सहयोग र समन्वय आवश्यक पर्छ । यसका लागि रेडक्रसलगायत सामाजिक सङ्घसंस्था तथा स्वयंसेवीको भूमिका अहम् हुन्छ ।" शुक्रबार आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी काठमाडौँ जिल्ला शाखाका उपसभापति कमल नकर्मीले कोभिड-१९ को जोखिम हुन नदिन सोसाइटीले विभिन्न मानवीय सेवाका काम गरिरहेको बताए ।

बेलायत अन्तर्राष्ट्रिय सहयोग नियोग (डिएफआइडी) को आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी र ब्रिटिस रेडक्रसद्वारा संयुक्तरूपमा सो कार्यक्रम सन् २०१६ को सेप्टेम्बरदेखि काठमाडौँ महानगरपालिका र बूढानीलकण्ठ नगरपालिकासँगको सहकार्यमा ' शहरी विपद् जोखिम न्यूनीकरण'को क्षेत्रमा केन्द्रित छ । कार्यक्रमका काठमाडौँ जिल्ला संयोजक शारदा खतिवडाका अनुसार कार्यक्रमले ती दुई स्थानीय तह र समुदायको विपद् उत्थानशील क्षमता अभिवृद्धि गर्ने मुख्य ध्येय राखेको छ । कार्यक्रमअन्तर्गत बूढानीलकण्ठ नगरपालिकामा चारवटा लक्षित समूह एकल महिला, जनजाति, दलित र अपाङ्गता भएका व्यक्ति रहेका छन् भने काठमाडौँ महानगरपालिकामा भूमिहिनको दुईवटा, एकल महिला र जनजातिको समूह रहेका छन् । ती समुदायमा विपद् जोखिम व्यवस्थापनमा सचेतीकरण गर्दै नगरपालिकासँग बहस पैरवी गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने गतिविधिका विभिन्न कार्यक्रम सञ्चालन भइरहेका उनले जानकारी दिए । पछिल्लो समय कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न बूढानीलकण्ठ नगरपालिकाका वडा नं ३, ५, ७ र १३ ले जारी राखेका जनचेतनामूलक गतिविधि तथा राहत वितरणमा लक्षित सङ्कटासन्न समूहका सदस्यहरू स्वयंसेवीका रूपमा सहभागी भई सहयोग पुऱ्याइराखेका छन् । ती वडामा समूहका गङ्गालाल महर्जन, रिकिता तामाङ, सिर्जना श्रेष्ठ, अनुप महर्जन, शारदा मिश्र, प्रिसेल महर्जन, लक्ष्मण तामाङ, दिनेश नगरकोटी, सरोज श्रेष्ठलगायत स्वयंसेवीका रूपमा सक्रिय रहेका छन् ।

## हिमपहिरोमा परी मृत्यु भएकाको शव पोखरामा

काठमाडौँ(जस)-नेपाली सेनाले कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ११ हिङकुकेभ इलाकामा गत माघ ३ गते गएको हिमपहिरोमा परी बेपत्ता भएका दुई जनाको शव शनिबार पोखरा ल्याएको छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार उक्त पहिरोमा हराएकामध्ये भेटिन बाँकी रहेको एक नेपाली र एक कोरियनको शव शुक्रबार फेला परेको हो । सङ्कलित शव अहिले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको छ । बेपत्ता व्यक्तिको खोज तथा उद्धारका लागि खटिएको सेनाको टोलीले यी दुईसहित तीन नेपाली पथप्रदर्शक र चार कोरियन पर्यटकको शव फेला पारेको हो ।

## बुद्धजयन्ती पूजापाठमै सीमित हुने

काठमाडौँ(जस)-प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन देशभर मनाइने भगवान् बुद्धको जन्मजयन्ती यस वर्ष विधिपूर्वक पूजा पाठमा मात्र सीमित गरिने भएको छ । कोभिड-१९को सङ्क्रमणबाट बच्न जारी बन्दाबन्दीका कारण बौद्ध चैत्यमा सीमित लामामात्र बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि मात्र पूरा गरिने निर्णय बौद्ध क्षेत्रका सङ्घसंस्थाको बैठकले गरेको काठमाडौँ महानगरपालिका वडा नं ६ का अध्यक्ष दीपेन्द्रकुमार लामाले जानकारी दिए ।

विगतका वर्षमा बौद्धबाट जोरपाटी-तीनचुले-रामहिटी-महाँकाल-चुच्चेपाटी-चाबहिल हुँदै पुनः बौद्धसम्म भगवान् बुद्धको अस्थिधातुसहित शोभासमेत गरिन्थ्यो। यस वर्ष शोभायात्रा, प्रवचनलगायत कार्यक्रम स्थगित गरिएको बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष चन्द्रकुमार लामाले बताए ।

यही वैशाख २५ गते ५६४ औँ बुद्धजयन्ती मनाइँदै छ । बौद्ध परिसरको कपडा भने फेर्न लागिएको बौद्ध तामाङ कल्याण गुठीका अध्यक्ष खड्गजित लामाले जानकारी दिए । बौद्धवासीलाई वैशाख २५ गते बेलुका घर घरमा दीपावली गर्न भने बैठकले आह्वान गरेको छ । बौद्ध चैत्य परिसरमा पनि दीप प्रज्वलन भने गरिने जनाइएको छ । २५६४ वर्ष अघि लुम्बिनीमा वैशाख शुक्ल पूर्णिमाका दिन राजा शुद्धोधन र रानी मायादेवीको कोखबाट सिद्धार्थ गौतमको जन्म भएको थियो । सिद्धार्थ गौतम कठोर तपस्याद्वारा ज्ञान प्राप्त गरी भगवान् बुद्ध बन्नुभएको थियो । बुद्धले ज्ञान प्राप्त गरेको र महापरिनिर्वाण प्राप्त गरेको दिन पनि वैशाख शुक्ल पूर्णिमाकै दिन भएकाले यसलाई त्रिसंयोग दिवसका रूपमा समेत मनाइन्छ ।

बुद्धजयन्तीको ऐतिहासिकता

विसं २००८ जेठ ८ गते बुद्धजयन्तीका दिन सार्वजनिक बिदा दिन थालिएको हो । विसं २०१२ फागुन ७ गतेदेखि लुम्बिनीमा बुद्धजयन्तीका दिन हत्या, हिंसामाथि प्रतिबन्धको घोषणा गरिएको थियो ।

## निःशुल्क भोजनको व्यवस्था

काठमाडौँ(जस)-कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहेपछि काठमाडौँ महानगरपालिका वडा नं १३ सोल्टीमोडका केही समाजसेवीले निःशुल्क भोजनको व्यवस्था गरेका छन् । दैनिक आयस्रोत कम भइ जीविकोपार्जनमा समस्यामा परेका नागरिकलाई स्पार्क हेल्थ होम हस्पिटल परिसरमा शनिबारदेखि लकडाउनको बाँकी अवधिभर खानाको व्यवस्था गरिएको छ । समाजसेवी देशकुमार श्रेष्ठ, किरणकृष्ण जोशी, रूपेश अधिकारी, इन्द्रबहादुर मानन्धर र रमण शाक्यले उक्त भोजनको प्रबन्ध गरेका हुन् । सामाजिक दूरी कायम कायम गरी व्यवस्थापन भएको पूर्ववडाध्यक्ष रामशरण डङ्गोलले जानकारी दिए ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रतिकिलो नुनको मूल्य ६० रुपैयाँ ?

जाजरकोट(जस)-जिल्ला सदरमुकामबाट झण्डै ७२ किलोमिटर उत्तरपूर्वमा रहेको बारेकोट गाउँपालिकामा अनुदानमा पाइने नुनको मूल्य थामिनसक्नु भएको पाइएको छ । भर्खरै गाउँपालिकाको मुकाम लिम्सासम्म सडक पुगेको छ । लकडाउनले गर्दा त्यहाँ सडक पुगे पनि यातायातका साधन चल्न दिइएको छैन । यातायातको रूपमा रहेको गतिलो माध्यम घोडा, खच्चड भने निर्वाध चलिरहेका छन् । कुशे गाउँपालिकाको पाँचकाटिया हुँदै बारेकोट र नलगाड नगरपालिकाको कालिमाटी हुँदै बारेकोट दुवै ठाउँबाट खच्चड निर्वाधरूपमा चलिरहेका छन् । अहिले त्यही खच्चडमा ल्याएको स्थानीय बजारमा पाइने खाद्यान्नदेखि आयोडिनयुक्त नुनको मूल्य छोइनसक्नु भएको स्थानीयवासी बताउँछन् ।

बारेकोट गाउँपालिकाले सदरमुकामस्थित साल्ट ट्रेडिङ कम्पनी लिमिटेडको डिपोबाट २०० क्विन्टलभन्दा बढी नुन खरिदका लागि चिठी पठाए पनि मुस्किलले १०० क्विन्टल मात्र पाएको छ । स्थानीय सरकारले भनेजति नुन खरिद गर्न खोजे पनि साल्ट ट्रेडिङ कम्पनी जाजरकोटले स्थानीय सरकारलाई मागअनुसारको नुन उपलब्ध गराएको छैन ।

यता खच्चडमा नुन ल्याएर बजारमा लुकीछिपी बिक्री गर्ने नुनको मूल्य बारेकोटमा प्रतिकेजी रु ६० रहेको पाइएको छ । सदरमुकाममा प्रतिकेजी रु नौमा पाइने आयोडिनयुक्त नुन बारेकोटमा रु ६० मा किनबेच भइरहेको छ । जाजरकोटमा आयोडिनयुक्त नुन सहुलियत दरमा वितरण गर्न सरकारले ढुवानी अनुदान दिँदै आएको छ । ढुवानी अनुदान दिएको नुन सदरमुकाम र डिपोमा प्रतिकेजी रु नौमा पाइन्छ । व्यापारीले अनुदानकै नुन मिलेमतोमा खरिद गरेर दुर्गममा चर्को मूल्यमा बिक्री गर्ने गरेका छन् । लकडाउनका कारण गाडी चल्दैनन्, प्रहरीका आँखा छल्दै आधा बाटोसम्म ट्र्याक्टरमा र त्यसपछि घोडा तथा खच्चडमा ल्याएको नुन व्यापारीले मनोमानीरूपमा बिक्री गर्दा पनि स्थानीय प्रशासन मुकदर्शक बनिरहेको छ । दुर्गममा प्रशासनले कहिल्यै अनुगमन नगर्दा व्यापारीले मनोमानी गर्ने गरेको स्थानीयवासीको गुनासो छ । बारेकोटमा व्यापारीले निजी लगानीमा खरिद गरेर लगेको ढुवानी अनुदानको नुन बारेकोटको तल्लो भेगमा रु ५० र माथिल्लो भेगतिर रु ६० मा बिक्री गर्ने गरिएको बारेकोट गाउँपालिकाले समेत स्वीकार गरेको छ । सदरमुकाममा रु नौमा एक पोका पाइने नुन बारेकोटमा सात गुणा बढी मूल्यमा किन्नुपर्ने बाध्यता रहेको बारेकोट-५ पाखाका प्रेम शाहीले बताए । नुनको समस्या वर्षेनी हुने बारेकोटमा गत वर्ष सरकारसँग डिपो स्थापनाका लागि माग गर्दा पनि सुनुवाइ नभएको गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर शाहले बताए ।

### प्रधानमन्त्रीको....

नेता नेपालको मानमर्दन भएको भन्दै तेस्रो वरियताको अध्यक्ष बनाउन प्रस्ताव गरेका थिए ।

बैठकको मुखमा प्रधानमन्त्रीको राष्ट्रपतिसँग भेट

बालुवाटारमा बैठक बस्नुअघि प्रधानमन्त्री केपी ओली शितलनिवास पुगेर राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेट गरेका थिए । राष्ट्रपति भण्डारीसँग आधा घण्टाभन्दा बढी भेट गरेका उनले त्यसअगाडि सचिवालयका बहुमत सदस्यलाई आफ्नो पक्षमा पारेका थिए । सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीमा समेत अल्पमतमा परेका प्रधानमन्त्री ओली झण्डै झण्डै पद गुमाउने अवस्थामा पुगिसकेका थिए । तर अनेकन कसरतपछि बहुमत सदस्य आफ्नो पक्षमा पारेपछि उनी राष्ट्रपतिलाई भेट्न शितलनिवास पुगेका थिए ।

दाहालसँग अलग्गै भेट

त्यहाँबाट फर्किएपछि पनि उनले पहिले आफूलाई अध्यक्ष र प्रधानमन्त्री दुबै पदबाट हटाउने अभियानमा जोडतोडले लागेका अर्का अध्यक्ष पुष्पकमल दाहाललाई अलग्गै भेट गरेका थिए । त्यसपछि मात्रै सचिवालयको बैठक भएको थियो । दाहाललाई ओलीले आफू कुनै पदबाट पनि नहट्ने प्रष्ट गरिदिएको बताइएको छ । अघिल्लो सचिवालय बैठकमा वामदेव गौतमलाई राष्ट्रिय सभामा पनि लैजाने, संविधान संशोधन वा निर्वाचन लडाएरै भएपनि प्रधानमन्त्री बनाउन आफू तयार भएको प्रस्ताव ओलीले फालेका थिए । ओलीको त्यो प्रस्तावपछि एकाएक नेकपाका पार्टी समीकरणमा फेरबदल देखियो र ओली बहुमतमा देखिए । ओलीले दाहालसँग अलग्गै भेटेजस्तै दाहाल र नेपालले पनि अलग-अलग भेटवार्ता गरेका थिए । पार्टीमा दुई अध्यक्ष भएपनि अघिपछि आफू एकापट्टी र दाहालसहितका अरु सदस्यलाई अर्कातिर राखेर बैठक गर्ने ओलीले शनिबार भने दाहाललाई पनि आफूसँगै राखेर बैठक गरेका थिए ।

### हालसम्म....

छ । मन्त्रालयले कल सेन्टरमा दुई हजार ८४ कलको सम्बोधन गरिएको जनाएको छ । अहिले स्वमूल्याङ्कन विवरण बुझाउनेको सङ्ख्या २९ हजार पुगेको छ । हाल ३१९ जना रेड जोनमा रहेका र उनीहरुलाई ट्रेसिङ गर्ने कार्य जारी रहेको छ । विराटनगरमा कोशी अस्पतालको प्रयोगशालामा पिसिआर विधिबाट परीक्षण भइरहेकामा त्यहाँ रहेको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट समेत परीक्षण शुरु भएकाले कूल १७ स्थानबाट सेवा थालिएको डा देवकोटाले जानकारी दिए ।

शनिबार पनि कोभिड-१९ सङ्क्रमणको सङ्ख्या ५९ नै रहेको मन्त्रालयले जनाएको छ । जसमध्ये ४९ जना पुरुष र १० महिला छन् । हालसम्म १६ जना निको भएर फर्किएका छन् । कूल ४३ जना उपचाररत छन् । रुपन्देही, नेपालगञ्ज, भरतपुर र धनगढीमा एक/एक, वीरगञ्जमा आठ र विराटनगरमा ३१ जना उपचाररत छन् । सबैको स्वास्थ्य अवस्था सामान्य रहेको मन्त्रालयले जनाएको छ ।

### यथार्थ....

गुमेको अवस्थालाई ध्यानमा राखेर आन्तरिक उत्पादन बढाउने, साना तथा मझौला उद्योग स्थापनामा जोड दिने तथा स्वरोजगार बन्नेतर्फ विशेष ध्यान दिनुपर्ने उनीहरुको धारणा छ । सरकारले चालू आर्थिक वर्षमा कूल रु ११ खर्ब १२ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ । कोरोनाको असरका कारण हालसम्म झण्डै रु छ खर्ब अर्थात् ५४ प्रतिशत मात्रै राजश्व उठेको छ । सरकारलाई आगामी आवका लागि स्रोत जुटाउन खर्च घटाउनेतर्फ नै विशेष ध्यान दिनुपर्ने राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा स्वर्णीम वाग्लेको सुझाव छ ।

उनले जनताप्रतिको उत्तरदायित्व, उदार सोच र क्षमताका आधारमा जोखिम मोलेर 'बोल्ड' निर्णय गर्ने बेला आएको बताउनुभयो । वैदेशिक रोजगारीबाट फर्केकालाई साना तथा मझौला उद्योगमा लगाउन विशेष पहल गर्नुपर्नेमा जोड दिँदै उनले परम्परागत कृषिबाट माथि उठेर नयाँ ढङ्गको कृषिलाई बजेटले बढावा दिनुपर्ने सुझाव दिए । युवा अर्थशास्त्री डा रमेश पौडेलले दक्ष र अर्धदक्ष जनशक्तिलाई रोजगारी दिने विषयलाई केन्द्रबिन्दुमा राखेर बजेटको तर्जुमा गरी त्यसको व्यावहारिक कार्यान्वयनमा जोड दिनुपर्ने बताए । कृषि क्षेत्रमा काम गर्नेलाई आत्मसम्मान जगाएर उनीहरुले उत्पादन गरेको उपजलाई बजारीकरणमा विशेष जोड दिनुपर्ने र देशभित्रै केही हुन्छ र गर्न सकिन्छ भन्ने आशावादिता जगाउने खालको बजेट आवश्यक रहेको उनको भनाइ छ ।

अर्थशास्त्री डा विश्व पौडेलले ठूला भौतिक पूर्वाधारमा जोड दिँदै स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा सरकारको विशेष प्राथमिकता रहनुपर्ने बताए । उनले यथार्थताको धरातलमा रहेर आगामी आवको बजेट तय गर्नुपर्ने सुझाव दिए । अर्थशास्त्री डा गोविन्द थापाले कर एवं राजश्व प्रणालीमा सुधार गरिएको खण्डमा राजश्वमा अझै पनि खासै प्रभाव पर्न नसक्ने भएकाले त्यसमा ध्यान दिनुपर्ने बताए । उनले कोरोनाका कारण परेको सङ्कटलाई अवसरका रुपमा सदुपयोग गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचसहितको सुधारका कार्यक्रम अगाडि बढाउनुपर्ने र सरकारले बोल्ड निर्णय गरेर जानुपर्नेमा जोड दिए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाँलले गरिबीको अन्त्य, ठूला भौतिक पूर्वाधारको निर्माण तथा उत्पादनशील र मर्यादित रोजगारी अति अत्यावश्यक वस्तुमा आत्मनिर्भर हुने गरी नीति तथा योजना तय भएको अवस्थालाई विशेष ख्याल गरिने बताए । चालू आवमा नै केही राष्ट्रिय गौरवका आयोजना पूरा हुने अवस्थामा पुगेका भए पनि कोरोनाका कारण समस्या देखिएको उल्लेख गर्दै उनले फागुनपछि पूँजीगत खर्च बढ्ने अपेक्षा गरिए पनि समस्या खडा भएको उल्लेख गरे । आयोगले तयार गरेको १५औँ आवधिक योजना तथ्यपरक नीति बनाउने र योजना तर्जुमा गरिएको उल्लेख गर्दै उनले मानव पूँजीलाई थप परिचालन गर्नेतर्फ जोड दिइएको स्पष्ट पारे ।

नेकपा सांसद रामकुमारी झाँक्रीले व्यावहारिक, आर्थिक पारदर्शिता र वित्तीय अनुशासन कायम हुने खालको बजेट तय गर्नुपर्नेमा सुझाव दिइन । सङ्घीय संसद्को अर्थसमितिमा पनि पूर्वबजेटको छलफल तय गरिएको जानकारी दिँदै उनले प्रधानमन्त्री स्वरोगार कार्यक्रमलाई उत्पादनसँग जोड्ने गरी अगाडि बढाउनुपर्नेमा जोड दिइन । खर्च कटौतीलाई विशेष ध्यान दिनुपर्ने र डा डिल्लीराज खनालको संयोजकत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको सुझावलाई पूर्णरुपमा कार्यान्वयन गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराए । वैदेशिक रोजगारीमा गएका युवा देशभित्र फर्केको अवस्थामा उनीहरुलाई काम दिने गरी वातावरण बनाउनुपर्ने उनको भनाइ छ । नेकपाका स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री जनार्दन शर्माले नेपालको आफ्नै मौलिकताको विकासको मोडल तयार पारेर कार्यान्वयन गर्नुपर्ने बताए । उनले भने, 'हामीले संस्थागत विकास र सुदृढीकरण विकासमा ध्यान दिनुपर्दथ्यो, नीतिगत सुधार गरी आत्मनिर्भरताको बाटोमा जानुपर्छ ।' परनिर्भरतावादी सोच त्यागेर आत्मनिर्भर अर्थतन्त्रको विकास र विस्तारका लागि प्रविधि र विकासको नयाँ अवधारणा कायम गर्नुपर्ने र सामुदायिक प्रणालीमा आधारित जनश्रममा आधारित विकासतर्फ जानुपर्ने उनले बताए ।

जतिसुकै राम्रो बजेट आए पनि कार्यान्वयन नभएको अवस्थालाई मध्यनजर गरेर जानुपर्ने, पारदर्शी र सुशासनसहितको बजेट तयार पार्नुपर्ने धारणा राख्दै उनले बढीभन्दा बढीलाई रोजगारी दिने गरी कृषिमा आधारित विकास प्रणालीलाई जोड दिनुपर्ने उल्लेख गर्नुभयो । विप्रेषणमा आधारित कामचलाउ अर्थतन्त्रलाई बदलेर नेपाली मोडलको आर्थिक प्रणाली विकास गरी फजुल खर्च नियन्त्रण तथा युवा बहुल जनशक्तिलाई एकीकृतरुपमा परिचालन गर्नेतर्फ ध्यान दिन उनले आग्रह गरे । पूर्वअर्थमन्त्री डा प्रकाशचन्द्र लोहनीले सङ्कट नै मौका भएको मानेर काम गर्ने संस्कारमा परिवर्तन गरी अगाडि जानुको विकल्प नभएको बताए । बजेट सधैँ राम्रै आए पनि कार्यान्वयनमा समस्या देखिएको भन्दै उनले नयाँ सोचका साथ काम गर्ने दृढता सरकारले देखाउनुपर्नेमा जोड दिए ।

### सत्तरी....

उद्योग/प्रतिष्ठानले समयमै आफ्ना श्रमिकलाई कोषमा सूचीकृत नगर्दा ८५ प्रतिशत श्रमिक राज्यबाट वितरण राहतबाट वञ्चित हुनु परेको ह्वीनका अध्यक्ष थामीले बताए ।

### अज्ञात....

यकिन हुनेछ ।" थारु, मुसहर, चमार, बाँतर (सर्दार) सहितका जनजाति र दलित समुदायको सघन बसोबास रहेका ती बस्तीमा रहेको छ । मेघनाथ गोरहन्नामा एक साता पहिलेमात्र सीतापुर, औरही र जमुनियाँ प्रहरी चौकीको संयुक्त गस्तीले १६ हजार लिटरभन्दा बढी मदिरा बनाउने कच्चा पदार्थ र चारवटा भट्टी नष्ट गरेको थियो ।

## सखुवानन्कारकट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सखुवानन्कारकट्टी, सिरहा**
**२ नं. प्रदेश नेपाल**

## बोलपत्र/दरभाउपत्र आब्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :- २०७७/०१/२१

यस सखुवानन्कारकट्टी गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका योजना बोलपत्र/दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजतपत्र प्राप्त इच्छुक नेपाली निमार्ण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू :**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सि.नं. १ र २ को ३०औं दिन र सि.नं. ३ को १५औं दिन भित्र नबिकरण भएको इजाजतपत्र, आयकर दर्ता, मूल्य अभिबृद्धि कर दर्ता र आ.व. २०७५/०७६ को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीका साथै निवेदन साथ बोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकारिक प्रतिनिधिले पेश गरेमा यस कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ ।
२. खरिद भएको बोलपत्र फाराम फर्मको सिलबन्दी गरि खाम बाहिर आफ्नो फर्मको नाम, थर, बतन र कामको विवरण स्पष्ट उल्लेख गरि शिलबन्दी गरि यस कार्यालयमा सि.नं. १ र २ को ३१औं र सि.नं. ३ को १६औं दिनको १२ बजे भित्र दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पुग्ने छैन । कारणवश शिलबन्दी बोलपत्र दार्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
३. बोलपत्र शर्तरहित केरमेट नभएको हुनु पर्छ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताहरुको दस्तखत र छाप भएको हुनु पर्दछ ।
४. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री एन.एम.बी बैंक सखुवानन्कारकट्टी सिरहाको धरौटी खाता नं. 1100085117500034 को कार्यालय कोड 1125716 खातामा नगदी जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको ग्यारेण्टी (विड बण्ड) संलग्न हुनु पर्छ ।
५. ठेक्का स्वीकृत भएपछि ठेक्का अकंको ५% ले हुने रकम यस कार्यालयको नाममा रहेको श्री एन.एम.बी बैंक सखुवानन्कारकट्टी सिरहाको धरौटी खाता नं. 1100085117500034 को कार्यालय कोड 1125716 खातामा नगदी जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ बाह्र महिना म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंक्को ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गरि सम्झौता गर्नुपर्नेछ ।
६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । केरमेट भएको स्थानमा सहिछाप गर्नुपर्ने छ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्याता दिईनेछ । बोलपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकेदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनुपर्ने छ ।
७. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन समयमा नै हुनेछ ।
८. एक फर्मको नाममा खरिद गरिएका बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
९. कामको गुणस्तरमा (Quality of work) निर्माण सम्बन्धी स्वीकृत स्पेशिफिकेसन अनुसार गर्नुपर्ने छ ।
१०. यसमा कुनै संशेधन भएमा सो को जानकारी यस कार्यालयमा सूचना टाँस गरि जानकारी गराईनेछ ।
११. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।
१२. बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार यस कार्यालयलाई निहित रहनेछ ।
१३. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमाबली २०६४ बमोजिम हुनेछ । अन्य कुराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।
१४. यस कार्यालयबाट संचालन हुने योजनाहरु कार्यको भुक्तानी उक्त निकायबाट रकम प्राप्त भए पछि मात्र भुक्तानी हुनेछ ।
१५. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| सि. नं. | बोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (भ्याट कन्टिजेन्सी बाहेक) | धरौटी रकम | बोलपत्र/दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | 2/NCB/SRM/076-077 | वडा नं. १ मा आर.सी.सी. ढलान | 2585663.06 | 65000.00 | 3000.00 | |
| 2. | 3/NCB/SRM/076-077 | वडा नं. २ मा आर.सी.सी. ढलान | 4309727.59 | 108000.00 | 3000.00 | |
| 3. | 4/NCB/SRM/076-077 | मिर्जापुर देखि सरहंचिया हुँदै परिहारपुर सम्मको सडकमा स्तरोन्नती गर्ने कार्य । | 1533136.09 | 39000.00 | 1000.00 | |

**प्रमुख प्रशासकिय अधिकृत**